आज मिति २०७९/१२/०५ गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | [signature] | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | [signature] | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | [signature] | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | [signature] | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | [signature] | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | [signature] | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | [signature] | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | [signature] | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | [signature] | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | [signature] | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया। | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | [signature] | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | [signature] | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | [signature] | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख [signature]

२. उद्गम तिमिल्सिना, लेखा अधिकृत [signature]

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: १६

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०७९।१२।०५

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।१२।०५ | ९:०० | वडा नं. ७ को चमेरे गुफामा लागत साझेदारी सम्बन्धमा। | योजना शाखा | १ |
| २०७९।१२।०५ | ९:०५ | नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा ढुवानीका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | योजना शाखा | २ |
| २०७९।१२।०५ | ९:१० | भूउपयोग मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ३ |
| २०७९।१२।०५ | १०:१० | वित्तीय अनुदान रकम सम्झौता सम्बन्धमा। | भौतिक पूर्वाधार शाखा | ४ |
| २०७९।१२।०५ | १०:१५ | संगठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा प्रतिवेदन संशोधन सहित स्वीकृती सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०७९।१२।०५ | १०:४५ | चेपाङ महिला लक्षित प्रस्तावित कार्यक्रम स्विकृती सम्बन्धमा। | सामाजिक विकास शाखा | ६ |
| २०७९।१२।०५ | १०:५० | मिति २०७९।११।२१ र २३ गते प्राप्त निवेदनको सम्वन्धमा। | प्रशासन शाखा | ७ |
| २०७९।१२।०५ | १०:५५ | होम निर्माण सेवाको भुक्तानी सम्वन्धमा। | योजना शाखा | ८ |

Gurung

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।११।१४ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरु:**

१. नेपाल पर्यटन वोर्डबाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसार चमेरो गुफा प्रवर्द्धनका लागि गाउँपालिकाले वेहोर्नु पर्ने २०% रकम संघ संस्था साझेदारी कार्यक्रमबाट बेहोर्ने ।

२. यस गाउँपालिकाबाट स्वीकृत IEE Report अनुसार मिति २०७९।। मा भएको निर्णयमा गाउँपालिकाको रानी खोला र भोटी खोला (सिमलढाप) समेत थप गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्न M/S Indigo Sagun JV लाई अनुमति प्रदान गर्ने ।

३. यस गाउँपालिकाका सातवटै वडाहरुबाट सिफारिस भई आएको भूउपयोग बर्गिकरण सम्बन्धी मापदण्डहरुको आधारमा तयार गरिएको गाँउपालिकाको भूउपयोग बर्गिकरण मापदण्ड, २०७९ स्वीकृत गरी सम्बन्धित निकायहरुमा पठाउने ।

४. श्री मर्स्याङ्दी सहकारी संस्था लिमिटेडले पेश गरेको आयोजनाको बिवरण र गाँउपालिकाद्वारा तयार गरिएको DETAILED ESTIMATE को आधारमा उक्त सहकारीसँग गाउँपालिकाको तर्फबाट १०,००,०००।- **(अक्षेरपी दश लाख मात्र)** र श्री मर्स्याङ्दी सहकारी संस्था लिमिटेडको तर्फबाट १२,१०,६४८.६१।-**(अक्षेरपी बाह्र लाख दश हजार छ सय अठ्चालिस पैसा एकसठ्ठि मात्र)** को बित्तीय साझेदारीमा कृषि तथा पशुपालन विकाश तालिम केन्द्र भवन निर्माण गर्ने प्रस्तावलाई स्वीकृत गर्ने ।

५. सु-शासन तथा संस्थागत विकास समितिका संयोजकज्यूको तर्फबाट पेश भएको संगठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा प्रतिवेदन संशोधन सहित स्वीकृत गर्ने ।

६. सङ्घीय सरकारद्वारा हस्तान्तरित School of PER (चेपाङ्ग महिला सचेतना) कार्यक्रम नेपाल चेपाङ संघ संगको साझेदारी र सहकार्यमा सञ्चालन गर्ने ।

७. गाउँपालिकामा मिति २०७९।११।२१ र २३ गते प्राप्त निवेदनका सम्बन्धमा मिति २०७९।११।२५ गते गाउँपालिकामा सम्बन्धित व्यक्तिहरुसंग गरिएको सामान्य सोधपुछको आधारमा सो विषयको सम्बन्धमा न्यायिक निरुपण गर्ने कार्य गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने नदेखिएकोले उक्त विषयसंग सम्बन्धित सबै कागजपत्र संलग्न गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा लेखी पठाउने ।

८. होम निर्माण सेवाले मिति २०७९।८।२५ मा पेश गरेको अन्तिम बिल भुक्तानी पाउँ भन्ने निवेदन र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा तोकिएको समयमा कार्य सम्पन्न भएको देखिएकाले सोही बमोजिम हुने गरी भुक्तानी दिने।